# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१

कोशी प्रदेश सरकारबाट स्वीकृत मितिः २०८१/३/३०


प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर

# विषय सूची

परिच्छेद —१ ........ 1

प्रारम्भिक ........ 1

परिच्छेद —२ ........ 2

लैससास परीक्षण कार्यदल गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ........ 2

परिच्छेद —३ ........ 3

परीक्षण सूचक, नतिजा, विधि र प्रक्रिया सम्बन्धी व्यवस्था ........ 3

परिच्छेद — ४ ........ 5

परीक्षण प्रतिवेदन, नतिजाको गुणस्तरीयता तथा समीक्षा र सार्वजनिकीकरण सम्बन्धी व्यवस्था ........ 5

परिच्छेद —५ ........ 6

विविध ........ 6

अनुसूची – १ ........ 7

अनुसूची —२ ........ 24

अनुसूची —३ ........ 25

अनुसूची —४ ........ 26

अनुसूची —५ ........ 27

अनुसूची —६ ........ 28

अनुसूची — ७ ........ 30

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१

नेपालको संविधानले दिशानिर्देश गरे बमोजिम समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अङ्ग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गरी सुशासन अभिवृद्धि गर्ने कुरालाई आत्मसाथ गर्दै प्रदेश सरकार अन्तर्गतका निकायहरूको लैससास परीक्षणमार्फत लैससासको अवस्था पत्ता लगाई सुधारका लागि संस्थागत संरचना र कार्यक्रमहरूमा सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गरी समग्र शासकीय क्षेत्रमा सुशासन अभिवृद्धि गर्न, प्रदेश सरकारको विकास प्रक्रियामा लक्षित वर्गको निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न तथा प्रदेश सरकार अन्तर्गतका निकायले सञ्चालन गर्ने सबै योजना तथा कार्यक्रमहरूको प्रत्येक चरणमा लैससासमैत्री अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै प्रदेश सरकारका समग्र क्रियाकलापहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कसीमा परीक्षण गरी प्रदेश सरकारबाट निर्माण गरिने नीति, कानून, योजना तथा बजेट, सञ्चालन गरिने आयोजना तथा कार्यक्रम र सम्पादन गरिने प्रशासनिक क्रियाकलापहरूलाई लैससासमैत्री बनाउन वाञ्छनीय भएकाले,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "निकाय" भन्नाले प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय, आयोग, विभाग, निर्देशनालय, डिभिजन, कार्यालय तथा प्रदेश सरकार अन्तर्गत वा मातहत रहेका अन्य सम्पूर्ण इकाइ सम्झनु पर्छ ।

(ख) "परीक्षण कार्यदल" भन्नाले दफा ४ बमोजिमको लैससास परीक्षण कार्यदल सम्झनु पर्छ ।

(ग) "लक्षित समुदाय" भन्नाले नेपालको संविधानको धारा १८ को उपधारा (३) मा उल्लेख गरिएका वर्ग र नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग वा समुदाय सम्झनु पर्छ ।

(घ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वा लैससास परीक्षण" भन्नाले लैङ्गिक समानता तथा समावेशीकरण विकास गर्न तय गरिएको बजेट र कार्यक्रममार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउन यस कार्यविधि बमोजिम प्रदेश अन्तर्गतका निकायमा गरिने परीक्षण सम्झनु पर्छ ।

(ङ) "लोपोन्मुख समुदाय" भन्नाले नेपाल सरकारले लोपोन्मुख भनी तोकेका समुदाय, जातजाति वा समूह सम्झनु पर्छ ।

(च) "लैससास" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको संक्षिप्त रूप सम्झनु पर्छ ।

## परिच्छेद —२

## लैससास परीक्षण कार्यदल गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

३. **प्रत्येक निकायले लैससास परीक्षण गर्नु पर्ने**: (१) प्रदेश सरकार अन्तर्गतका प्रत्येक निकायले यस कार्यविधि बमोजिम लैससास परीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षण कार्य गर्दा अघिल्लो आर्थिक वर्षमा भए गरेका काम कारबाहीको सम्बन्धमा प्रत्येक आर्थिक वर्षको प्रथम त्रैमासिक भित्रमा सम्पन्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको परीक्षण कार्य प्रत्येक निकायहरूको आन्तरिक स्वलेखाजोखामा आधारित हुनेछ ।

(४) उपदफा (१) बमोजिम लैससास परीक्षण गर्दा सम्बन्धित निकायले अघिल्लो आर्थिक वर्षको तथ्यलाई आधार मानी गर्नु पर्नेछ ।

४. **परीक्षण कार्यदल गठन गर्नु पर्ने**: (१) लैससास परीक्षणमार्फत प्रदेश सरकारका कामकारबाहीमा सुशासन अभिवृद्धि गर्न प्रत्येक निकायले देहाय बमोजिमको एक लैससास परीक्षण कार्यदलको गठन गर्नु पर्नेछ :—

(क) लैससास परीक्षण गर्ने निकायको प्रशासन वा लैससास महाशाखा प्रमुख —संयोजक

(ख) लैससास परीक्षण गर्ने निकायको योजना सम्बन्धी विषय हेर्ने अधिकृतस्तरको कर्मचारी —सदस्य

(ग) अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय —सदस्य

(घ) लैससास परीक्षण गर्ने निकायको लैङ्गिक सम्पर्क व्यक्ति —सदस्य—सचिव

(२) सामाजिक विकास मन्त्रालयको लैससास परीक्षणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकजना अधिकृतस्तरको कर्मचारी उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्यदलको सदस्यको रूपमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको कार्यदलले लैससास परीक्षण कार्यको सहजीकरण र परामर्शका लागि सम्बन्धित विषयका विज्ञ तथा कर्मचारीलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. **परीक्षण कार्यदलको काम, कर्तव्य र अधिकार**ः यस कार्यविधिमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त परीक्षण कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो निकायको लैससास परीक्षणका लागि आवश्यक सम्पूर्ण प्रबन्ध मिलाउनु,

(ख) तोकिएको समयमै लैससास परीक्षण कार्य सम्पन्न गर्नु, गराउनु,

(ग) वस्तुगत आधारमा आफ्नो निकायसँग सम्बन्धित परीक्षण सूचकहरूको इमानदारीपूर्वक छनोट र स्वघोषणा गरी लैससास परीक्षण गर्नु, गराउनु,

(घ) लैससास परीक्षण गर्ने क्रममा सरोकारवालाहरूसँग आवश्यक छलफल तथा परामर्श गर्नुका साथै परीक्षणमा सरोकारवालाहरूको सहभागिताको सुनिश्चितता गर्नु,

(ङ) यस कार्यविधिमा उल्लिखित विधि तथा तरिकाहरूको पालना गरी लैससास परीक्षण गर्नु, गराउनु,

(च) लैससास परीक्षणका क्रममा आवश्यकता अनुसार अन्तर—निकाय समन्वय गर्नु,

(छ) लैससास परीक्षणबाट आएको नतिजाका आधारमा आफ्नो निकायलाई थप लैससासमैत्री निकायको रूपमा स्थापित गरी सुशासन अभिवृद्धि गर्न आवश्यक पहल गर्नु ।

## परिच्छेद —३

## परीक्षण सूचक, नतिजा, विधि र प्रक्रिया सम्बन्धी व्यवस्था

६. **लैससास परीक्षण सूचक**ः (१) प्रत्येक निकायले लैससास परीक्षण गर्दा देहायका विषयक्षेत्रका विभिन्न सूचकहरूमा आधारित रही परीक्षण गर्नु पर्नेछ :-

(क) नीति, कानून, योजना तथा कार्यक्रम,

(ख) संस्थागत व्यवस्था,

(ग) मानव संसाधन तथा क्षमता विकास,

(घ) सुशासन तथा उत्तरदायित्व,

(ङ) सेवा प्रवाह ।

(२) उपदफा (१) बमोजिमका विषयक्षेत्रमा प्रति विषयक्षेत्र दशवटा सूचकहरूका आधारमा अधिकतम एक/एक अङ्कका दरले कुल पचास अङ्कभारमा लैससास परीक्षण गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रत्येक निकायलाई आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको स्वघोषणा गर्दै छनोट गरी सोही बमोजिम प्रतिसूचक एक अङ्कका दरले अङ्कभार कायम गरी लैससास परीक्षण गर्न बाधा पर्ने छैन ।

(४) लैससास परीक्षणका सूचक र अङ्कभार अनुसूची —१ बमोजिम हुनेछ ।

७. **<u>लैससास परीक्षण नतिजा</u>**ः प्रत्येक निकायले गरेको लैससास परीक्षणको नतिजा देहाय बमोजिम गणना हुनेछ :-

(क) आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको कुल अङ्कभारको चालिस प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेमा कमजोर मानिने,

(ख) आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको कुल अङ्कभारको चालिस प्रतिशतदेखि माथि पचास प्रतिशतसम्म अङ्क प्राप्त गरेमा सामान्य मानिने,

(ग) आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको कुल अङ्कभारको पचास प्रतिशतदेखि माथि पचहत्तर प्रतिशतसम्म अङ्क प्राप्त गरेमा उत्तम मानिने,

(घ) आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको कुल अङ्कभारको पचहत्तर प्रतिशतदेखि माथि अङ्क प्राप्त गरेमा उत्कृष्ट मानिने ।

८. **<u>लैससास परीक्षण विधिः</u>** (१) लैससास परीक्षण विधि अनुसूची —२ बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको विधि पालना गर्दै आफ्नो निकायको लैससास परीक्षण गर्दा परीक्षण कार्यदलले आयोजना गरेको कार्यशालामा गरिने सबल र दुर्बल पक्ष तथा अवसर र चुनौतीको विश्लेषणको नतिजालाई अनुसूची —३ र प्राप्त मुख्य उपलब्धिहरूलाई अनुसूची —४ बमोजिमको ढाँचामा उतार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विश्लेषणको आधारमा आगामी दिनमा सञ्चालन गर्नु पर्ने क्रियाकलाप र सुझाव समेत राखी तर्जुमा गरिने लैससास कार्यान्वयन कार्ययोजनाको ढाँचा अनुसूची —५ बमोजिम हुनेछ ।

९. **<u>लैससास परीक्षणका चरणहरूः</u>** लैससास परीक्षणका चरणहरू अनुसूची – ६ बमोजिम हुनेछ ।

## परिच्छेद — ४

## परीक्षण प्रतिवेदन, नतिजाको गुणस्तरीयता तथा समीक्षा र सार्वजनिकीकरण सम्बन्धी व्यवस्था

१०. **लैससास परीक्षण प्रतिवेदनः** (१) परीक्षण कार्यदलले आफ्नो निकायको लैससास परीक्षण गरी अनुसूची — ७ बमोजिमको ढाँचामा तीनप्रति लैससास परीक्षण प्रतिवेदन सम्बन्धित निकायको प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको प्रतिवेदनको एक/एक प्रति सम्बन्धित निकायको प्रमुखले मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिवेदनका आधारमा लैससासको अवस्था सुधारका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार सामाजिक विकास मन्त्रालयको समेत राय लिई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

११. **लैससास परीक्षण नतिजाको गुणस्तरीयताः** (१) लैससास परीक्षणको अन्तिम प्रतिवेदनको प्राप्तिपश्चात सामाजिक विकास मन्त्रालयले प्रतिवेदनको अध्ययन तथा पेश गरिएका प्रमाणहरूको आवश्यकता अनुसार स्थलगत रुजु समेत गरी नतिजाको गुणस्तरीयता मापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजाको गुणस्तरीयता मापन गर्ने क्रममा सामाजिक विकास मन्त्रालयले सम्बन्धित निकायलाई लैससासको अवस्था सुधारका सम्बन्धमा राय सुझाव दिन सक्नेछ।

१२. **लैससास परीक्षण नतिजाको समीक्षाः** लैससास परीक्षणको नतिजा आ–आफ्नो नीतिगत तथा कार्यगत संयन्त्र बैठकमा छलफल गराई दफा १० बमोजिम प्राप्त निर्देशन तथा दफा ११ बमोजिम प्राप्त राय सुझाव तथा अनुसूची —५ बमोजिमको लैससास कार्यान्वयन कार्ययोजनाको कार्यान्वयन गर्नु प्रत्येक निकायको दायित्व तथा जिम्मेवारी हुनेछ ।

१३. **नतिजा सार्वजनिक गर्नेः** यस कार्यविधि बमोजिम गरिएको प्रत्येक निकायको लैससास परीक्षणको अन्तिम प्रतिवेदनको आधारमा प्राप्त नतिजा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक वर्षको पौष महिनाभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा सार्वजनिक गर्दा प्रत्येक सार्वजनिक निकायले प्राप्त गरेको अङ्क तथा सो का आधारमा लैससासका दृष्टिकोणले उत्कृष्ट, उत्तम, सामान्य वा कमजोरमध्ये सम्बन्धित निकायको अवस्था के-कस्तो रहेको छ ? सो समेत खुलाइ सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको नतिजा प्रविष्टि र सार्वजनिकीकरण कार्यका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सूचना प्रविधिमा आधारित सफ्टवेयरको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ ।

## परिच्छेद —५
## विविध

१४. **<u>सहजकर्ताको सेवा लिन सकिने</u>ः** यस कार्यविधि बमोजिमको लैससास परीक्षण कार्यका लागि प्रचलित खरिद कानूनको अधीनमा रही लैससास परीक्षण तथा अभिमुखीकरण प्रशिक्षक प्रशिक्षण प्राप्त आन्तरिक तथा बाह्य सहजकर्ताको सहयोग वा सेवा लिन सकिनेछ ।

१५. **<u>लैससास परीक्षणमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न सकिने</u>ः** कोशी प्रदेशमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालनमा रहँदासम्म उक्त कार्यक्रमबाट समेत लैससास परीक्षणमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न सकिनेछ ।

१६. **<u>बैठक भत्ता</u>ः** लैससास परीक्षण कार्यदलको बैठकमा भाग लिएबापत कार्यदलका सदस्य तथा आमन्त्रितले प्रचलित कानून बमोजिम बैठक भत्ता प्राप्त गर्नेछन् ।

१७. **<u>अनुसूचीमा हेरफेर तथा संशोधन</u>ः** सामाजिक विकास मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

१८. **<u>संशोधन वा खारेजी:</u>** यस कार्यविधिको संशोधन तथा खारेजी गर्ने अधिकार कोशी प्रदेश सरकारमा निहित रहनेछ ।

# अनुसूची – १

## (दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि विषयगत सूचकहरू

नोट : तल दिइएका सूचकहरूमध्ये प्रत्येक निकायले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित सूचकहरूलाई स्वघोषणमार्फत छनोट गरी मूल्याङ्कन गर्नु पर्नेछ । यसरी मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा १, ०.५ र ० अङ्क पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ। परीक्षण कार्यदलमा पहिला सूचकमा छलफल गरी सो को अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ ।

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १. नीति, कानून योजना तथा कार्यक्रम | १.१ नीति, कानून तथा समावेशी तथा सहभागीमूलक विकासका लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवाला महिला तथा सामाजिक रूपमा पछाडि पारिएको वर्ग समुदायका प्रतिनिधि तथा सरोकारवालाको सुझाव कार्यान्वयनको अवस्था | सुझाव लिई कार्यान्वयन गर्ने गरेको | सुझाव लिने गरेको तर कार्यान्वयन नगरेको | सुझाव लिने नगरेको | • मन्त्रालय तथा कार्यालय र प्रदेशको कानून, नीति, योजना निर्माणको क्रममा सुझाव लिएको प्रतिवेदन<br>• सुझाव सङ्कलन परामर्श गोष्ठीमा सहभागीको विवरण | |
| | १.२ नीति तथा कानूनी दस्ताबेज र मसौदाको | सबै नीति तथा कानूनी दस्ताबेज र मसौदा | आंशिक (कम्ती एक) | नीति तथा कानूनी | लैससास संवदेनशील | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | विषयवस्तु, शब्द चयन र प्रावधानमा लैससास संवेदनशीलता, समावेशीता र सहभागिता | विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीमूलक भएका | केही मात्रामा लैससास संवेदनशील, समावेशी र सहभागीमूलक भएका | लैससास संवेदनशील, समावेशी र सहभागीमूलक नभएका | • नीति निर्माणका लागि भएको निर्णय वा दस्तावेज वार्षिक बजेट तथा कार्यक्रम | |
| | १.३ मन्त्रालय तथा मातहतका निकाय/कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरूको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई अभिमुखीकरणको अवस्था | कम्तीमा ३ वर्षदेखि नियमित अभिमुखीकरण गर्ने गरेको | पछिल्लो ३ वर्षमा आंशिक रूपमा अभिमुखीकरण गर्ने गरेको | अभिमुखीकरण गर्ने नगरिएको | • वार्षिक बजेट तथा कार्यक्रम<br>• अभिमुखीकरण कार्यक्रमको उपस्थिति<br>• प्रतिवेदन | |
| | १.४ प्रदेश सरकार तथा अन्तर्गतका मन्त्रालयले जारी गरेका कानूनहरूको पहुँचयोग्यता | सबै कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा राखेको | केही मात्र कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा राखेको | कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा नराखिएको | • वेबसाइटको स्क्रिनसट वा लिङ्क | |
| | १.५ वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति र कार्यक्रम | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति | बजेट विनियोजन भएको तर कार्यान्वयनमा नआएको | समावेश नगरिएको | • वार्षिक बजेट तथा कार्यक्रम<br>• लक्ष्य अनुसारको कार्यप्रगति प्रतिवेदन | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | तथा कार्यक्रम समावेश भएको बजेट विनियोजन भई कार्यान्वयनमा आएको | | | | |
| | १.६ महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमाको अवस्था | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयन भएको | समावेश भएको तर कार्यान्वयन नभएको | समावेश नभएको | महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू कार्यान्वयन गरेको सूची | |
| | १.७ लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टिको अवस्था | लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा पूर्णरूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | आंशिक रूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि नगरिएको | प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टिखण्ड | |
| | १.८ महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार | महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार बजेट | बजेट विनियोजन भएको तर कार्यान्वयन नभएको | बजेट विनियोजन नभएको | • लैससास नीति<br>• वार्षिक कार्यक्रम तथा बजेट<br>• प्रगति प्रतिवेदन | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | बजेट विनियोजनको अवस्था | विनियोजन भई कार्यान्वयन भएको | | | | |
| | १.९ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेट व्यवस्था | बजेट व्यवस्था गर्ने गरेको | बजेट व्यवस्था गरेको तर परीक्षण गर्ने नगरेको | बजेट व्यवस्था नगरेको र परीक्षण गर्ने नगरेको | • बजेट तथा कार्यक्रम<br>• परीक्षण प्रतिवेदन | |
| | १.१० लैससास परीक्षणमा औंल्याइएका सुधार, सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेशको अवस्था | वार्षिक योजनामा समावेश भई कार्यान्वयनमा आएको | वार्षिक योजनामा समावेश भएको तर कार्यान्वयनमा नआएको | समावेश नभएको | • बजेट तथा कार्यक्रम<br>• कार्यान्वयन प्रतिवेदन<br>• लैससास परीक्षण प्रतिवेदन | |
| २. संस्थागत व्यवस्था | २.१ निर्णायक तहमा महिला तथा वञ्चितिकरणमा परेका समुदायको प्रतिनिधित्व (कम्तीमा सचिव, महाशाखा प्रमुख, कर्मचारी र नियुक्त पदाधिकारी) | कम्तिमा ३३ प्रतिशत प्रतिनिधित्व भएको | कम्तीमा २५ प्रतिशत प्रतिनिधित्व भएको | २५ प्रतिशत भन्दा कम प्रतिनिधित्व भएको | • महिला तथा वञ्चितिकरणमा परेका व्यक्तिहरूको नामावली र उपस्थिति<br>• बैठकको निर्णय | |
| | २.२ श्रेणीविहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै | समानुपातिक प्रतिनिधित्व हुनसक्ने | रणनीति बनेको तर कार्यान्वयनमा नआएको | रणनीति नबनेको | • रणनीतिको दस्ताबेज<br>• भर्ना कर्मचारीको विवरण | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | जातजाति, लिङ्ग, वर्ग र समुदायको प्रतिनिधित्व | रणनीति बनाई कार्यान्वयनमा आएको | | | • विज्ञापनमा स्पष्ट रूपमा उल्लेख भएको | |
| | २.३ कुनै अवसर (तालिम, अध्ययन, भ्रमण, जिम्मेवारी) प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी/ पदाधिकारीहरूलाई प्राथमिकता दिने गरी सकारात्मक विभेदको नीति अनुरुप प्रतिनिधित्वको अवस्था | सकारात्मक विभेदको नीति निर्माण भई पूर्ण कार्यान्वयनमा आएको | सकारात्मक विभेदको नीति निर्माण मात्र गरिएको तर आंशिक रूपमा मात्र कार्यान्वयनमा नआएको | सकारात्मक विभेदको नीति नगरिएको | • प्रतिनिधित्व गराउने सम्बन्धी नीति वा निर्णय<br>• प्रतिनिधित्व भएको कर्मचारी वा पदाधिकारीको विवरण | |
| | २.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाइ /शाखा र कार्यान्वयन समितिको व्यवस्था वा लैससास सम्पर्क व्यक्ति तोकिएको अवस्था | व्यवस्था भएको | व्यवस्था गर्ने निर्णय भएको | व्यवस्था नभएको | • इकाइ/शाखा र डेस्कको स्थापना गर्ने निर्णय व नीति<br>• इकाइ/शाखा र डेस्कको स्थापना भएको प्रमाण | |
| | २.५ मन्त्रालय तथा कार्यालयमा लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने | छुट्टै उजुरी संयन्त्रको व्यवस्था भएको | कानूनमा भएको व्यवस्था बमोजिम निर्णय भई कार्यान्वयनमा आएको | कुनै पनि निर्णय नभएको | • उजुरी संयन्त्र सम्बन्धमा निर्णय भएको पुस्तिका | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | संयन्त्रको व्यवस्था | | | | • उजुरी संयन्त्रमार्फत प्राप्त गुनासा वा परामर्श तथा फछ्र्यौटको विवरण राखेको अभिलेख पुस्तिका | |
| | २.६ मन्त्रालय तथा अन्तर्गत कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका वर्ग, समुदायहरूको सहभागिता तथा प्रतिनिधित्वको अवस्था | ३३ प्रतिशत भन्दा बढी प्रतिनिधित्व रहेको | १० देखि ३३ प्रतिशत सम्म प्रतिनिधित्व रहेको | १० प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको | समितिको संरचना र नाम सहितको विवरण | |
| | २.७ लैससासमैत्री खण्डीकृत तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको अवस्था | पूर्ण रूपमा व्यवस्थापन गर्ने गरिएको | आंशिक रूपमा मात्र भएको | कुनैपनि व्यवस्था नभएको | • बैठक पुस्तिका र निर्णय<br>• तथ्याङ्क अद्यावधिक प्रतिवेदन | |
| | २.८ खण्डीकृत तथ्याङ्कको सार्वजनिकीकरण | अर्धवार्षिक रूपमा नियमित सार्वजनिकीकरण गरेको | वार्षिक रूपमा सार्वजनिकीकरण नगरेको | सार्वजनिकीकरण नगरेको | • सार्वजनिकीकरण प्रतिवेदन | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | २.९ खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोग | खण्डीकृत तथ्याङ्कको विश्लेषण भई सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने गरेको | खण्डीकृत तथ्याङ्कको विश्लेषण हुने गरेको तर सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने नगरेको | खण्डीकृत तथ्याङ्कको विश्लेषण गर्ने नगरेको | • तथ्याङ्क विश्लेषण तथा समीक्षा प्रतिवेदन<br>• वार्षिक नीति, कार्यक्रम तथा बजेट | |
| | २.१० नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था | भएको र प्रभावकारी रूपमा कार्य भएको | स्थापना भएको तर प्रभावकारी नदेखिएको | स्थापना नै नभएको | • व्यवस्थित नागरिक सहायता तथा सोधपुछ कक्ष | |
| ३. मानव संसाधन तथा क्षमता विकास | ३.१ लैङ्गिक तथा समावेशी विकासको लागि बजेट विनियोजन एवं खर्च गर्ने कार्यविधि | लैङ्गिक तथा समावेशी विकासको लागि छुट्टै शीर्षकमा बजेट विनियोजन हुने गरेको र यस्तो रकम खर्च गर्ने कार्यविधि भएको | छुट्टै शीर्षकमा बजेट विनियोजन हुने गरेको तर खर्च गर्ने कार्यविधि स्वीकृत नभएको | छुट्टै शीर्षकमा बजेट विनियोजन नभएको। | वार्षिक बजेट किताब र खर्च गर्ने कार्यविधि | |
| | ३.२ मन्त्रालयमा तथा मातहतका निकायमा कार्यरत कर्मचारीको दक्षता/सीप अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनजाति लगायत वञ्चितिकरणमा परेको वर्ग वा समुदायको | ४० प्रतिशत भन्दा बढी लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारीको सहभागिता भएको | २५ देखि ४० प्रतिशत सम्म सहभागिता भएको | २५ प्रतिशत भन्दा कम सहभागिता भएको | • पदाधिकारी तथा कर्मचारीको विवरण<br>• तालिममा सहभागी कर्मचारी तथा पदाधिकारीको विवरण | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | प्रतिनिधित्व गर्ने कर्मचारी वा पदाधिकारीको सहभागिता | | | | | |
| | ३.३ भवन आचारसंहिता तथा कार्यालयको भौतिक संरचना तयार गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गरिएको | मापदण्ड अनुरूप शत प्रतिशत तयार भएको | आंशिक रूपमा मात्र तयार भएको | नभएको | • संरचनाको कार्यसम्पन्न प्रतिवेदन<br>• भवन वा संरचनाको नक्सा, डिजाइन | |
| | ३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय स्रोतको अवस्था | यथेष्ट मानवीय स्रोत रहेको | न्यून मानवीय स्रोत रहेको | नरहेको | विषयगत तालिम प्राप्त जनशक्ति संख्या विवरण | |
| | ३.५ विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत समितिमा लक्षित वर्गको प्रतिनिधित्व | कार्यविधि अनुरूप भएको | आंशिक रूपमा मात्र भएको | नभएको | • विपद् व्यवस्थापन सम्बन्धी मापदण्ड रणनीति, कार्यनीति, सहितको कार्यविधि<br>• प्रतिनिधित्व गराउने सम्बन्धमा भएको निर्णय | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | ३.६ प्रदेश सरकारको विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापनमा लाभान्वित समूहका महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्यसञ्चालन तथा राहत वितरण | पूर्णरूपमा खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्यसञ्चालन तथा राहत वितरण गर्ने गरेको | आतथ्याङ्क राखी आपतकालीन कार्यसञ्चालन तथा राहत वितरण गर्ने गरेको | तथ्याङ्क नराखि आपतकालीन कार्यसञ्चालन तथा राहत वितरण गर्ने गरेको | • विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लिइएको लाभान्वित समूहका महिलाको विवरण<br>• वञ्चितिकरणमा परेको समुदायको तथ्याङ्क राखि आपतकालीन कार्यसञ्चालन तथा राहत वितरणको सूची | |
| | ३.७ प्रदेश सरकारको विपद् व्यवस्थापन कोष सञ्चालक समितिमा महिला तथा वञ्चितिकरण परेको समुदाय समेतको सहभागिता | कानून बमोजिमको प्रतिनिधित्व भएको | आंशिक मात्र प्रतिनिधित्व भएको | नभएको | विपद् व्यवस्थापन कोषको सञ्चालक समितिको मनोनयन सम्बन्धी निर्णय | |
| | ३.८ महिलाविरुद्ध हुने सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरूका लागि बजेट विनियोजन र कार्यक्रम सञ्चालन | कार्यक्रम अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न हुने गरेको | कार्यक्रमहरू रहेपनि सो अनुसारको बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन नभएको | कार्यक्रमहरू नरहेको | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र बजेट विवरण तथा सञ्चालित कार्यक्रम संख्या, मिति र उपस्थिति विवरण | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | ३.९ मन्त्रालय तथा अन्तर्गत कार्यालयबाट महिलाविरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू सञ्चालनको अवस्था | कार्यक्रम सञ्चालन गर्ने गरिएको | कार्यक्रम सञ्चालन गर्ने गरिए तापनि प्रभावकारी नभएको | कार्यक्रम सञ्चालन नगरिएको | कार्यक्रमको उपस्थिति तथा निर्णय पुस्तिका | |
| | ३.१० प्रदेश सरकार तथा अन्तर्गत कार्यालयका कर्मचारी तथा पदाधिकारीका लागि लैससासमैत्री कानून निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण | आवश्यक बजेट विनियोजन भई लैससासमैत्री कानून निर्माणको बारेमा अभिमुखीकरण भएको | आवश्यक बजेट विनियोजन भएको तर अभिमुखीकरण नभएको | बजेट विनियोजन नभएको | • वार्षिक बजेट तथा कार्यक्रम<br>• अभिमुखीकरण कार्यक्रमको संख्या र उपस्थिति विवरण | |
| ४. सुशासन तथा उत्तरदायित्व | ४.१ अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानी तथा महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था | अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीको व्यवस्था आदि भएको साथै महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको | बजेट तथा कार्यक्रम रहेको | बजेट तथा कार्यक्रम नरहेको | • निर्माण सम्पन्न अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीका संरचनाहरू<br>• निर्माणाधीन अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीका संरचनाहरू | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | • निर्माण सम्पन्न महिला र पुरुष कर्मचारीका लागि छुट्टाछुट्टै शौचालय<br>• निर्माणाधीन महिला र पुरुष कर्मचारीका लागि छुट्टाछुट्टै शौचालय | |
| | ४.२ महिला शौचालयमा स्यानिटरी प्याडको उपलब्धता | उपलब्ध गराइएको | महिला शौचालयमा स्यानिटरी प्याड राख्ने गरिएको तर प्याड व्यवस्थापनको लागि बजेट तथा कार्यक्रम नरहेको | महिला शौचालयमा स्यानिटरी प्याडको व्यवस्थापन नभएको | • स्यानिटरी प्याड सहितको महिलाहरूको छुट्टै शौचालय<br>• डस्टबिन र प्याड व्यवस्थापन गर्ने स्थान | |
| | ४.३ गर्भवती तथा सुत्केरी कर्मचारीहरूको लागि आराम गर्ने कक्ष र २ वर्षसम्मका बालबालिका भएका महिला कर्मचारीका लागि शिशुस्याहार तथा स्तनपान गर्ने समय व्यवस्थापन | पूर्ण रूपमा समय व्यवस्थान भएको | समय व्यवस्थापन भएको तर कार्यान्वयनमा नआएको | नभएको | • व्यवस्थित आराम कक्ष<br>• निर्णयका दस्ताबेजहरू | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | ४.४ बालबालिका, अपाङ्गमैत्री, लैङ्गिक संवेदनशीलता (यौनिक अल्पसंख्यक सहित) को दृष्टिकोणबाट पूर्वाधार तथा अन्य संरचनाको अवस्था | पूर्वाधार तथा अन्य संरचना बालबालिका, अपाङ्गमैत्री, लैङ्गिक संवेदनशील मैत्री (यौनिक अल्पसंख्यक सहित) भएको | निर्माणका लागि डिपिआर मात्र तयार गरिएको | नभएको | • पूर्वाधार तथा अन्य संरचना बालबालिका, अपाङ्गमैत्री, लैङ्गिक संवेदनशील मैत्री (यौनिक अल्पसंख्यक सहित) संरचनाहरू<br>• विस्तृत परियोजना प्रतिवेदन | |
| | ४.५ मन्त्रालय, कार्यालयमा यौन शोषण तथा दुर्व्यवहारविरुद्ध नीति र आचारसंहिता निर्माण | नीति र आचारसंहिता निर्माण गरिएको | नीति र आचारसंहिता बन्दै गरेको | नीति र आचारसंहिता निर्माण नगरेको | • आचारसंहिता<br>• आचारसंहिता निर्माणका लागि गरिएको निर्णय | |
| | ४.६ कुनै कर्मचारीमाथि हुनसक्ने यौन दुर्व्यवहार निवारण गर्न गुनासो सुन्ने प्रणालीको व्यवस्था | गुनासो सुन्ने प्रणालीको व्यवस्था भएको | आचारसंहिता मात्र निर्माण भई कार्यालयमा टाँस गरिएको | कुनै व्यवस्था नभएको | • गुनासो सुन्ने प्रणालीको निर्णय तथा सञ्चालनको अवस्था<br>• आचारसंहिता टाँस गरिएको सूचनापाटी | |
| | ४.७ सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ | प्रदेश सुशासन ऐनमा व्यवस्था भए बमोजिम नियमित रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ गर्ने गरेको | आंशिक रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ गर्ने गरेको | नियमित रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ गर्ने नगरेको | सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ प्रतिवेदन | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | ४.८ लैससास सम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा नागरिकलाई सूचना प्रवाह | पूर्ण रूपमा सुसूचित गर्ने गरेको | आंशिक रूपमा मात्र सुसूचित गर्ने गरेको | सुसूचित गर्ने नगरेको | • वेबपेज वा सामाजिक सञ्जालको लिङ्क<br>• स्थानीय रेडियो एफ.एम. र छापासँग भएको सम्झौता पत्र<br>• प्रशारण गरेको सूचनाको सफ्ट कपी | |
| | ४.९ सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कनमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासको दृष्टिकोणबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण | लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासको दृष्टिकोणबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिएको | विश्लेषण गर्ने कार्यक्रम रहेको तर कार्यान्वयन नभएको | नभएको | विश्लेषण प्रतिवेदन तथा अन्य दस्तावेजहरू | |
| | ४.१० कार्यक्रम प्रभावकारीताको लागि नागरिक अनुगमन र तेस्रो पक्षीय अनुगमन पद्धतिको विकास र तीनका सुझाव तथा सिफारिसहरूको कार्यान्वयनको अवस्था | भएको | विकास भएको तर सुझाव कार्यान्वयन नभएको | दुवै नभएको | • कार्यक्रमको प्रतिवेदन<br>• परामर्शदाताको नियुक्ति-पत्र<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ५. सेवा प्रवाह | ५.१ सेवाग्राही सन्तुष्टि सर्वेक्षणसँग सम्बन्धित औजारहरू प्रयोग गर्दा विशेष गरी महिला तथा वञ्चितिकरणमा परेका वर्गसँग सम्बन्धित लैससासमैत्री प्रावधान राखिएको वा प्रणालीको विकास | सेवाग्राही सन्तुष्टि सर्वेक्षणसँग सम्बन्धित औजारहरू प्रयोग गर्दा विशेष गरी महिला तथा वञ्चितिकरणमा परेका वर्गसँग सम्बन्धित लैससासमैत्री प्रावधान राखिएको वा प्रणालीको विकास गरिएको (जस्तै: लिङ्ग, अपाङ्गताको अवस्था, जातजाति, उमेर लगायत) | आंशिक रूपमा राखिएको वा प्रणालीको विकास गरिएको | केही पनि नगरिएको | • सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम<br>• सेवाग्राही सन्तुष्टि परीक्षण गर्ने विधि (अन्तर्वार्ता, स्वयं फाराम भर्ने, निरीक्षण, अवलोकन आदि) | |
| | ५.२ सेवा प्रवाहमा स्थानीय भाषाको प्रयोगको अवस्था | सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय भाषाको समेत प्रयोग गरी सेवा प्रवाह गर्ने गरिएको (स्थानीय भाषामा नागरिक बडापत्र, सूचनामूलक सन्देशहरू स्थानीय भाषामा समेत प्रकाशन | आंशिक रूपमा मात्रै व्यवस्था मिलाइएको | सरकारी कामकाजको भाषा मात्र प्रयोग गरिएको | स्थानीय भाषाको प्रयोग भएको प्रमाण | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | प्रसारण गर्ने व्यवस्था मिलाइएको) | | | | |
| | ५.३ मन्त्रालय तथा कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा लैससासमैत्री मापदण्ड निर्माण | मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याएको | विशेष व्यवस्था/मापदण्ड निर्माण गरेको तर कार्यान्वयनमा नल्याएको वा मापदण्ड निर्माण हुँदै गरेको | कुनै विशेष व्यवस्था नगरेको | • सार्वजनिक सेवा प्रवाहको मापदण्ड<br>• मापदण्ड निर्माणको निर्णय | |
| | ५.४ प्रदेश सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा सरोकारवालाको उपस्थिति | उल्लेख्य उपस्थिति रहने गरेको | न्यून उपस्थिति रहने गरेको | उपस्थिति रहने नगरेको | प्रदेश सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रमको उपस्थिति रजिष्टर र वञ्चितिकरणमा परेका व्यक्तिको उपस्थिति | |
| | ५.५ कार्यालयले प्रवाह गर्ने सेवाका बारेमा नागरिक बडापत्रको अवस्था | नागरिक बडापत्रको स्पष्ट बुझिने गरी सबैको प हुँचयोग्य स्थानमा राखुका साथै | नागरिक बडापत्रको स्पष्ट बुझिने गरी सबैको पहुँचयोग्य स्थानमा राखिएको तर प्रविधिको | नागरिक बडापत्रको स्पष्ट बुझिने गरी सबैको पहुँचयोग्य स्थानमा नराखिएको | • नागरिक बडापत्र<br>• सूचना प्रविधिको प्रयोग भएको प्रमाण | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | प्रविधिको प्रयोग गरी लैससासमैत्री बनाइएको | प्रयोग गरी थप लैससासमैत्री बनाउने सम्बन्धमा कार्य नभएको | | | |
| | ५.६ सेवा प्रवाहका सुधारका क्षेत्रको पहिचान र कार्ययोजना निर्माण | सुधारका क्षेत्रको पहिचान र कार्ययोजना निर्माण गरी कार्यान्वयन भएको | सुधारको सम्बन्धमा अध्ययन भई कार्ययोजना निर्माण भएको तर कार्यान्वयन नभएको | केही नभएको | • अध्ययन दस्तावेज<br>• सुधार कार्ययोजना<br>• कार्ययोजना अनुसार कार्यान्वयनको प्रगति प्रतिवेदन | |
| | ५.७ योजना तथा कार्यक्रम निर्माणमा महिला तथा लक्षित वर्गमैत्री कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनको अवस्था | वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको | वार्षिक बजेटमा समावेश गरिएको तर कार्यान्वयन नगरिएको | कार्यक्रमहरू नराखिएको | वार्षिक योजना तर्जुमा तथा बजेट | |
| | ५.८ स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरण परेको समुदायको क्षमता विकासका लागि कार्यक्रम कार्यान्वयनको अवस्था | कम्तीमा ५ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको | आंशिक रूपमा कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने गरेको | कुनै पनि कार्यक्रमहरू नगरेको | • वार्षिक बजेट तथा कार्यक्रम<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन | |
| | ५.९ गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासोको सम्बोधन | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी गुनासो समयमै सम्बोधन गर्ने गरिएको | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको तर गुनासो सम्बोधन गर्ने नगरिएको | गुनासो सुन्ने अधिकारीको व्यवस्था नभएको | • गुनासो सुन्ने अधिकारी तोक्ने निर्णय | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | • गुनासो सुनुवाइको अभिलेख तथा प्रतिवेदन | |
| | ५.१० अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई गरिएको सेवा प्रवाहमा सहुलियतको व्यवस्था | निःशुल्क सेवा प्रवाह गर्ने गरेको | सेवा प्रवाह गर्दा केही सहुलियत वा छुट दिने गरेको | व्यवस्था नभएको | • निःशुल्क सेवा सम्बन्धी नीति वा निर्णय छुट सुविधा<br>• सहुलियत प्राप्त गर्ने व्यक्तिको विवरण | |

# अनुसूची —२
## (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## लैससास परीक्षणका विधिहरू

यस कार्यविधि बमोजिम प्रदेश सरकार अन्तर्गतका प्रत्येक निकायको लैससास परीक्षण गर्दा देहायको विधिहरू अवलम्बन गरी लैससास अवस्था विश्लेषण र प्रतिवेदन गर्नु पर्नेछ :—

**(क) दस्ताबेज समीक्षा**

परीक्षण कार्यदलले सम्बन्धित निकायको दस्ताबेजहरू (नीति, कानून, क्षमता विकास योजना, वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समीक्षाको प्रतिवेदन, विकास बुलेटिन पार्श्र्वचित्र तथा विभिन्न समयमा भएका निर्णयहरू) को लैससास दृष्टिकोणबाट अध्ययन, विश्लेषण र पुनरावलोकन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

**(ख) लक्षित समुदाय छलफल**

लैससास परीक्षण गर्दा लैससास परीक्षण गर्न लागिएको निकायसँग सरोकार राख्ने समूहहरूसँग सम्बन्धित सवालहरूमा थप जानकारी लिन अनुसूची—१ बमोजिमका सूचकहरूको आधारमा लक्षित समुदाय छलफल गर्नु पर्नेछ ।

**(ग) मुख्य सूचनादातासँग अन्तर्वार्ता**

लैससास परीक्षणको गोष्ठी सञ्चालनपूर्व सम्बन्धित सूचना सङ्कलन र छलफलहरूबाट देखिएका नतिजाहरूको बारेमा पुस्ट्याइ तथा थप जानकारी लिनका लागि लैससास परीक्षण गर्न लागिएको निकायको मुख्य सरोकारवाला वा प्रतिनिधिहरूसँग अन्तर्वार्ता गर्नु पर्नेछ ।

**(घ) अवस्था विश्लेषण**

परीक्षण कार्यदलले सहभागितात्मक विधिका आधारमा कार्यशाला कै अवधिमा लैससासको क्षेत्रमा विगतमा भए गरेका गतिविधिहरू र प्राप्त अनुभवको अवस्थाको सबल र दुर्बल पक्ष तथा अवसर र चुनौतीको विश्लेषण गरी अनुसूची —३ र प्राप्त मुख्य उपलब्धिहरूलाई अनुसूची —४ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

**(ङ) कार्ययोजना तयार**

लैससास परीक्षण र सबल र दुर्बल पक्ष तथा अवसर र चुनौतीको विश्लेषण समेतको आधारमा आगामी दिनमा सञ्चालन गर्नु पर्ने क्रियाकलाप र सुझाव समेत राखी अनुसूची —५ बमोजिमको कार्यान्वयन कार्ययोजना तर्जुमा गर्नु पर्नेछ ।

**(च) प्रतिवेदन**

लैससास परीक्षणको अन्तिम प्रतिवेदन अनुसूची —७ बमोजिमको ढाँचामा तयार गरी लैससास परीक्षण गरिएको निकायका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

अनुसूची —३

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

<u>लैससास सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती विश्लेषण तालिका</u>

| मूल शीर्षक | सबल पक्षहरू | दुर्बल/सुधार गर्नु पर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची –४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त प्रमुख उपलब्धिहरू

| विषय क्षेत्र र सूचक | प्रमुख उपलब्धिहरू |
|---|---|
| १. नीति, कानून, योजना तथा कार्यक्रम | |
| १.१ | |
| १.२ | |
| | |
| २. संस्थागत व्यवस्था | |
| २.१ | |
| २.२ | |
| | |
| ३. मानव संसाधन तथा क्षमता विकास | |
| ३.१ | |
| ३.२ | |
| | |
| ४. सुशासन तथा उत्तरदायित्व | |
| ४.१ | |
| ४.२ | |
| | |
| ५. सेवा प्रवाह | |
| ५.१ | |
| ५.२ | |
| | |
| | |

अनुसूची —५

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

## लैससास कार्यान्वयन कार्ययोजना

| पूर्णाङ्क | प्रासाङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समायावधि | थप आर्थिक दायित्व बेहोर्नु पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलक र्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित रकम रू. हजारमा स्रोत प्रष्ट खुलाउने) | नपर्ने |
| १. नीति, कानून, योजना तथा कार्यक्रम | | | | | | | | |
| | | १.१ | | | | | | |
| | | १.२ | | | | | | |
| २.संस्थागत व्यवस्था | | | | | | | | |
| | | २.१ | | | | | | |
| | | २.२ | | | | | | |
| ३. मानव संसाधन तथा क्षमता विकास | | | | | | | | |
| | | ३.१ | | | | | | |
| | | ३.२ | | | | | | |
| ४. सुशासन तथा उत्तरदायित्व | | | | | | | | |
| | | ४.१ | | | | | | |
| | | ४.२ | | | | | | |
| ५. सेवा प्रवाह | | | | | | | | |
| | | ५.१ | | | | | | |
| | | ५.२ | | | | | | |

# अनुसूची –६
## (दफा ९ सँग सम्बन्धित)

## लैससास परीक्षणका चरणहरू

प्रदेश सरकार अन्तर्गतका प्रत्येक सार्वजनिक निकायले लैससास परीक्षण गर्दा देहायका तीन चरणमा सम्पन्न गर्नु पर्नेछ :-

१. **तयारी चरण (समय १ दिन)**

(क) लैससास परीक्षणका लागि कार्यदल बनाउने,

(ख) कार्यशाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीहरूको व्यवस्था गर्ने,

(ग) लैससास परीक्षणका उद्देश्य र प्रक्रियाका बारेमा परीक्षण हुने निकायका कर्मचारीहरूलाई अभिमुखीकरण सञ्चालन गर्ने । यस्तो निकायमा जनप्रतिनिधि समेत रहने भएमा निजहरूलाई समेत अभिमुखीकरणमा सहभागी गराउने,

(घ) लैससास परीक्षणको लागि सहभागीहरूको सूची तयार गर्ने । लैससास कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान, समय अवधि तोक्ने ।

२. **परीक्षण चरण (समय २ दिन)**

(क) पदाधिकारी तथा कर्मचारी र कार्यदल सदस्यहरूको उपस्थितिमा लैससास परीक्षण बैठक सञ्चालन गर्ने । अनुसूची –१ मा उल्लिखित सूचकहरूमा छलफल गरी अङ्क प्रदान गर्ने,

(ख) लैससास परीक्षण सूचकहरूलाई अधिकतम अङ्कभार १ राखी मूल्याङ्कन गर्नु पर्नेछ, जसमा सहभागितात्मक छलफलबाट सूचक प्रमाणीकरणका आधारहरू बमोजिम प्राप्त प्रमाण समेतका आधारमा राम्रो देखिएमा एक (१), मध्यम देखिएमा शून्य दशमलव पाँच (०.५) र कमजोर अवस्थाको लागि शून्य (०) अङ्क प्रदान गर्नु पर्ने,

(ग) लैससास परीक्षण कार्यशाला एक दिन र पुस्टयाइका आधारहरू सङ्कलन गर्न एक दिन वा समानान्तर रूपमा सञ्चालन गर्न सकिने,

(घ) प्राप्ताङ्कको आधारमा लैससास परीक्षण गरिएको निकायको विषय क्षेत्रगत लैससास अवस्था अनुसूची –३ बमोजिमको ढाँचामा विश्लेषण गर्ने । यसरी विश्लेषण गर्दा पूर्णाङ्क अङ्क प्राप्त विषय क्षेत्रलाई सबल पक्ष र त्यसभन्दा कम प्राप्त हुने विषय क्षेत्रलाई सुधार गर्नुपर्ने पक्षमा राख्नु पर्ने,

(ङ) परीक्षणबाट लैससास क्षेत्रमा प्राप्त मुख्य उपलब्धिहरूलाई अनुसूची –४ बमोजिमको ढाँचामा तयार गर्ने,

(च) पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई आगामी दिनमा सुधार गर्न अनुसूची –५ बमोजिम कार्ययोजना तयार गर्ने ।

३. **प्रतिवेदन चरण (समय २ दिन)**

(क) परीक्षण चरणका क्रियाकलापहरू सम्पन्न भएपश्चात परीक्षण कार्यदलले प्रारम्भिक प्रतिवेदन परीक्षण भएको निकायको प्रमुख समक्ष पेश गर्ने,

(ख) प्रारम्भिक प्रतिवेदनमाथि प्राप्त सुझाव समेतका आधारमा लैससास परीक्षण कार्यदलले अनुसूची — ७ बमोजिमको ढाँचामा विस्तृत प्रतिवेदन तयार गर्ने,

(ग) परीक्षणको अन्तिम प्रतिवेदन कार्यालय प्रमुख समक्ष पेश गर्ने । कार्यालय प्रमुखले उक्त प्रतिवेदनको प्रति यस कार्यविधिमा उल्लेख गरिएका निकायहरूमा पठाउने ।

## अनुसूची — ७
## (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**<u>लैससास परीक्षण प्रतिवेदनको ढाँचा</u>**

१. पृष्ठभूमि
२. अध्ययनको महत्व
३. लैङ्गिक बजेट परीक्षणको उद्देश्यहरू
४. लैङ्गिक परीक्षणले समेट्ने क्षेत्रहरू
५. लैङ्गिक परीक्षणको विधि र तरिका
६. लैङ्गिक परीक्षणका सहभागीहरू
७. लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरू
८. लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तिहरू
९. लैससास बजेट परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था
१०. परीक्षणपश्चात सूचकहरूले प्राप्त गरेका अङ्क
११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू
१२. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना
१३. निष्कर्ष
१४. सुझाव
१५. अनुसूचीहरू

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूचक (प्राप्ताङ्क र प्रमाणीकरण आधार सहित)

(ख) लैङ्गिक परीक्षण कार्यक्रमका केही झलकहरू

(ग) सहभागी नामावली, बैठक निर्णयहरू

(घ) तस्विरहरू